# नेपाल माइक्रो इन्स्योरेन्स क. लि.
## Nepal Micro Insurance Co. Ltd.
Maharjan Complex, Bharatpur, Chitwan
फोन नं. ०५६-४९४३२७, ०१-४५२९३६३
इमेल: info@nepalmicro.com, वेवसाईट: www.nepalmicro.com


## नेपाल माइक्रो इन्स्योरेन्स कं. लि. को सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण :

विवरण सार्वजनिक गरेको अवधि : २०८०/१०/०१ देखि २०८०/१२/३० सम्म

१. **निकायको स्वरुप र प्रकृति :** कम्पनी ऐन, २०६३, बमोजिम स्थापना भई बीमा ऐन, २०७९, बमोजिम इजाजतपत्र प्राप्त लघु नीजीवन बीमा कम्पनी हो ।

२. **निकायको काम कर्तव्य र अधिकार :** बीमा ऐन, २०७९, कम्पनी ऐन, २०६३, लघु बीमा निर्देशिका, २०७९, कम्पनीको प्रवन्धपत्र तथा नियमावली, प्रचलित कानुन, नियम तथा निर्देशिकाहरुको अधिनमा रहि लघु नीजीवन बीमा व्यवसाय गर्ने ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :** आ.व. २०८०/०८१ को चैत्र मसान्त सम्ममा यस कम्पनीमा कार्यरत कर्मचारीहरुको संख्या ६२ जना रहेको छ । विभिन्न विभागहरु गठन गरी कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भई रहेको छ। व्यवस्थापन तह तथा विभागीय प्रमुखहरुको नामावली कम्पनीको वेवसाइट www. nepalmicro.com मा उपलब्ध छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :** बीमा ऐन, २०७९, बमोजिम लघु नीजीवन बीमा कम्पनीले प्रदान गर्न सक्ने सम्पुर्ण बीमा सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** मिति २०८० चैत्र ३० गते सम्म यस कम्पनीको प्रधान कार्यालय महर्जन कम्प्लेक्स, भृकुटी पथ, भरतपुर, चितवन र देशभर बिभिन्न स्थान गरी जम्मा २० वटा शाखा कार्यालय तथा एक्सटेन्सन काउन्टरबाट लघु नीजीवन बीमा सेवा प्रदान गरिदै आएको छ । सेवा प्रदान गर्ने शाखा, उप-शाखा तथा जिम्मेवार अधिकारीहरुको विवरण कम्पनीको वेवसाईट www. nepalmicro.com मा रहेको छ ।

६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :** नेपाल बीमा प्राधिकरणबाट स्वीकृत बीमालेखमा तोकिएको बीमादर बमोजिम जोखिम बिश्लेषणको आधारमा बीमा शुल्क लिने गरिएको छ । दावी भुक्तानीको हकमा बीमितबाट यथाशिघ्र आवश्यक सम्पुर्ण कागजात प्राप्त भएको मितिले २१ दिन भित्र भुक्तानी गरिन्छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :** विषय बस्तुको प्रकृति हेरी प्रवन्धक, विभागीय प्रमुख, विभिन्न समिति, प्रमुख कार्यकारी अधिकृत र संचालक समितिले निर्णय गरिन्छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** ग्राहकको गुनासो सुन्न तथा उजुरी गर्नका लागि श्री सुशन थापालाई उजुरी सुन्ने अधिकारीको रुपमा तोकिएको छ ।

९. **सम्पादन गरेको कामको विवरण :** हाल नेपाल बीमा प्राधिकरणबाट स्वीकृत सम्पति लघु बीमालेख, मोटर बीमालेख, सेंधमारी बीमालेख र दुर्धटना बीमालेख मात्र बिक्रि बितरण भइ रहेको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :** कार्यालय प्रमुखको नाम : श्री मृगेन्द्र नाथ रिमाल, प्रमुख कार्यकारी अधिकृत र सूचना अधिकारीको नाम : श्री सुशन थापा, नायव प्रबन्धक ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :** बीमा ऐन, २०७९, कम्पनी ऐन, २०६३, सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, आयकर ऐन, २०५८, श्रम ऐन, २०६४, बोनस ऐन, २०३०, मुल्य अभिबृद्धि कर ऐन, २०५२, सो ऐन अन्तर्गत बनेका नियम, विनियम, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कृयाकलापमा वित्तिय लगानी निवारण सम्बन्धी निर्देशिका, २०७५, लघु बीमा निर्देशिका, २०७९, तथा नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका निर्देशिका, परिपत्रहरु ।

१२. **आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :** कम्पनीको आम्दानी खर्च, तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिएको छ र यस कम्पनीको वेभसाईट www.nepalmicro.com मा समेत रहेको छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण :** नभएको

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भएमा सो को विवरण :** कर्मचारीहरुको तालिम तथा अभिकर्ताहरुको तालिम सम्पन्न गरेको ।

१५. **निकायको वेभसाइट भए सो को बिवरण :** www.nepalmicro.com

१६. **निकायले प्राप्त गरेको वैदेशिक सहयोग, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** नभएको

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदन :** त्रैमासिक आर्थिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिएको तथा कम्पनीको वेवसाइटमा समेत राखिएको छ ।